माया र साहसकी प्रतिमूर्ति आमालाई परिचित गराएको कृति शून्यको मूल्य




प्रेशक :

यावत मल्ल

कक्षा १२ 'याला'

२४०४९

प्रापक:

तेजप्रसाद काफ्ले

नेपाली भाषा विभाग

"आमा मरेको खबर छोरालाई सुनाइदिए हुन्छ
तर बिन्ति छोरा मरेको खबर आमालाई नसुनाईदिनु"

पृष्ठ ८७

डाक्टर, इन्जिनियर तथा अन्य क्षेत्रका विद्यार्थीहरू प्राय विदेशिएर बाहिरै बस्न रुचाउँदा देशमा युवा शक्ति अभाव बढ्दै गएको छ ।
यसले दशको विकाश हुनु पर्ने क्षेत्रहरूमा विकाश हुनुमा धेरै बाधा अर्चन सिर्जना गरेको छ ।
यस्तै बाधा सिर्जना भइरहेको क्षेत्र हो हाम्रो स्वास्थ्य क्षेत्र ।
स्वास्थ्य विज्ञान पढेका विज्ञहरू सबै अमेरिका कि युरोप नत्र अस्ट्रेलिया वा संसारको अरु कुनै कुनामा ऐश र सरल जीवनको खोजीमा हुन्छन् । हुन त यो मानवीय स्वभाव पनि हो ।
स्वदेशमा भने राम्रो स्वस्थ सुविधा नपाएर निश्चल जीवनहरूको अन्त्य भएको समाचार दिनदिनै छिनछिनै सुन्न पाइन्छ ।
यस्तै दुविधाहरूका कारण कति आमाहरूको आफ्नो शिशु काखमा खेलाउने सपना सपनैमा मात्र सीमित रहन्छ। पर्याप्त स्वास्थ्य सुविधा नहुँदा कति आमाहरू आफ्नो सन्तानको ज्यान जोगाउन आफ्नै ज्यान जोखिममा राख्न बाध्य हुन्छन् ।
सबै दोष भने स्वास्थ्य क्षेत्रलाई मात्र दिन पनि मिल्दैन।
दोष समाजको पनि छ ।
सन्तानको सम्पूर्ण हेरचाह गर्ने जिम्मेवारी केवल महिलाको मात्र हो भन्ने अन्धविश्वास हाम्रो पितृसतात्मक नेपाली समाजमा रहेको तितो सत्य हो ।
घरेलु हिंसा र आफ्नै पत्नी माथि कुटपिट गर्ने जस्ता कार्यले परिवार तथा समाजमा महिलाको आवाज सुन्ने कानहरूको सङ्ख्या निकै नै न्यूनतम छ ।
जुन परिवारको पारिवारिक खुसीमा आमाको ठूलो भूमिका हुन्छ । परिवार व्यवस्थापनमा श्रीमानको जत्तिकै महत्वपूर्ण जिम्मेवारी श्रीमतीको पनि हुन्छ । भूमिकाको असमान बाँडफाँड भएमा परिवारमा विभिन्न समस्या उत्पन्न हुन्छन् ।

झन् कर्णाली क्षेत्रजस्तो दुर्गम क्षेत्रमा पारिवारिक सुखीमा महिलाको भूमिकाको बारेमा चेतना फैलेको नहुँदा यस्ता ठाउँमा नै आमा र शिशुको ज्यानलै बडी जोखिममा हुन्छ ।

डा. केसीको शून्यको मूल्य समाजका यस्तै आमाहरूको सास, साहस र स्नेहको कथाहरूको एउटा सिर्जनात्मक आख्यान हो ।

डा. नवराज केसीको शून्यको मूल्य पढ्दा किताब पढेको भन्दा पनि नेपालका सुन्दा सुन्दै पनि नौलो लाग्ने, देखि आएको हुँदा पनि नदेखेको जस्तो लाग्ने कुनाहरूको यात्रा गरेको अनुभूति भयो । म

कहिल्यै कर्णाली क्षेत्र प्रवेश नगरेको भए पनि यो किताब पढेपछि कहिले बुधेको कोलडा.ँडा. गाउँबाट कहिले कालापहाडको कर्किनी बज्यैको पसलसम्म, कहिले डोल्पाको धोतरकी पुतलीआमाको कथाबाट त कहिले हुम्लासम्म आफ्नो भन्ने जति सबै बेचेर आफ्नो बच्चाको उपचार गर्न आएका भेडीनी कान्छीको कथाले थोरै भए पनि कर्णालीलाई जान्न पाएँ ।

यी सबै पात्रहरूको कथा पढेर कर्णालीको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थाको एक झलक पाएँ । मलाई सामान्य लाग्ने कापी, कलम र झोला कर्णालीका बुधे र मिनाहरूका लागि ठुलो उपहार स्वरुप रहेछ ।

एउटा कापी र एउटा किताब बोक्ने झोलाका लागि बुधेको हतासको अनुभव गर्न पाउँदा मैले आफूले पढ्न पाएको सुविधा जस्तो ठुलो उपहारलाई त कति सामान्य रुपमा लिएको रहेछु भन्ने कुरा बुझें ।

भित्रि मनबाट मलाई पढाउने र जान्ने बनाउने कार्यलाई आफ्नो धर्म ठान्ने मेरा आमाबुबा तथा मेरा शिक्षकहरूलाई आभार व्यक्त गर्न मन लागेको छ ।

सबै उमेरका पाठकले बुझ्न सक्ने सरल भाषाशैलीमा लेखिएको शून्यको मूल्यमा धेरै आमाका प्रेम र सङ्घर्षहरू जीवन दर्शन र स्वस्थ विज्ञानका कुराहरू सिक्न पाइन्छ नै ।

पाँच अध्यायमा विभाजित यस आख्यानबाट मैले पाँच जुनीमा पनि नपाइने अनुभव बटुल्न पाएझैँ लागेको छ ।

लेखक केसीले बुधेकी फुपुआमा, नानीआमा, भेडिनी कान्छी हिम्मतबहादुर भीमकाजी, जुम्ल्याहाका बाआमाका कथाहरूले हरेक मातापिताले आफ्नो सन्तानलाई हुर्काउनु पर्ने,

सन्तानलाई सरल जीवन दिनुपर्ने जस्तो महत्वपूर्ण जिम्मेवारीको बारेमा आभास गराएका छन् ।

जन्म दिएर मात्र एक महिला आफ्नो आमाको धर्म पुरा गर्दिनन् । आफ्नो सन्तानका लागि गर्ने अनेकौँ सङ्घर्ष र कठिन तपस्याले मात्र एक महिला आमा बन्छिन् भन्ने कुरा यी पात्रहरूबाट मैले सिक्न पाएँ ।

विज्ञानले पनि आमा र हजुरआमाको प्रेममा हुर्केका बालकहरूपछि गएर सभ्य र बुद्धिमान स्वभावको बन्छन् भन्ने कुरा पुष्टि गरेको रहेछ । हाम्रो जीवनमा आमा र हजुरआमाहरूको प्रेमको कति ठूलो भूमिका हुँदोरहेछ भन्ने कुरा जानकारी मेरो विकसित हुँदै गरेको दिमागमा कतै थियो होला तर त्यो जाग्न थाल्यो ।

किताब पढ्दै जाँदा कताकता मलाई साना कक्षाहरूमा सामजिक विषयमा पढाइने 'साक्षरता विकासको मेरुदण्ड हो' भन्ने भनाइ याद आयो ।

साना कक्षामा सुन्दै आएको अति सामान्य लाग्ने भनाइको पूर्ण अर्थ यो पुस्तक पढे पश्चात् बुझे झैँ महसुस गरें ।

कर्णालीमा वर्षौंदेखि सुव्यवस्थित विकास हुन नसक्नुको प्रमुख कारण निरक्षरता नै रहेछ । समाजमा मानिसहरू शिक्षित नहुँदा धैरै सामाजिक समस्याहरू उत्पन्न हुन्छन् ।

अशिक्षित समाजमा बोक्सी प्रथा, भेदभाव र बालविवाह जस्ता सामाजिक समस्याहरू हुनु सामान्य नै छ ।

यस्ता समस्याले मानिसलाई कति कठिनाइहरूसँग जुध्न बाध्य बनाउँछ भन्ने कुरा त भेडीनी कान्छी र चौधरीका जुम्ल्याहको कथाबाट नै ज्ञात हुन्छ । यस्ता पारिवारिक समस्यामा पर्नु भनेको आर्थिक दुविधाहरू निम्त्याउनु हो । पढ्ने लेख्ने उमेरमा परिवार धान्न परेपछि जीवन सप्रेला भन्ने भ्रममा नपर्नु नै राम्रो हुन्छ ।

अल्पविकसित र अशिक्षित समाजमा मानिसहरूले यस्ता जटिल समस्याहरूको सामना गर्नु परेको अवस्थामा त्यसको सहज समाधानको अपेक्षा कसरी गर्ने ? यी सबै समस्याको समाधान भनेको साक्षरता र चेतना हो, जुन कर्णाली क्षेत्रमा निकै कमजोर अवस्थामा छ । हाम्रो देशमा टाढाको परदेशमा आरामदायी जीवन बिताउने रहरमा अन्धो नहुने यस कथाका डाक्टरजस्तै शिक्षित र जिम्मेवार युवाहरू भए भने नेपालका दुर्गम ठाउँका यस्ता सामाजिक र आर्थिक समस्याहरू सजिलै समाधान हुन सक्छन् ।

‘हरेक डाक्टरको सबै भन्दा ठुलो परीक्षा बिरामीले लिन्छन् रे। ‘ किताब पढ्दै जाने क्रममा यो हरफ पढ्दा हरेक  डाक्टरको जीवनको यात्रा कति कठिन होला भन्ने कुराको सानो अनुभूति भएझैँ भयो ।
म विज्ञान विषय लिएर कक्षा १२ मा पढ्दे गरेको विद्यार्थी  एकछिन् त झन्डै डाक्टरी पढ्न जीवविज्ञान विषय लिएनछु भन्ने विचारले राहत पनि दियो । एक डाक्टरको जीवन अनेक कठिन परीक्षाले भरिएको  हुँदो रहेछन् ।  यदि एक गरिब आमा आफ्नो भएको दुई कौडी सम्पत्ति बेचेर आफ्नो एउटा शिशु छोरोलाई उपचार गराउन आउँदा पनि समस्या थाहा नभएपछि त्यस आमालाई कुन हिम्मतले प्रतिउत्तर दिने ?
आफ्नो मृत शिशुलाई आफ्नो दुध चुसाउन खोजिरहेकी आमालाई कुन शब्दले उनको सन्तान उनको काखमा नपर्दै मरिसकेको हो र अब केही गरे नि ऊ उठ्दैन भनेर बुझाउने ? उपचारको नीति हुँदा हुँदै पनि सामग्री नभएर भएका मृत्युहरूको दोष कसलाई दिने ? शून्यको मूल्यमा विभिन्न प्रसङ्गमा यस्तै गहन प्रश्न धेरै भागमा उठ्छन् ।
यस्तो अवस्थामा आफू परिएमा वा यस्ता परीक्षा आफूले दिनु परेको भए म क गर्ने थिए होला ? के यस कथाका डाक्टर जस्तै यी समस्याहरूसँग जुध्न मसँग पर्याप्त साहस हुन सक्थ्यो होला र ? कि म हार खान्थे ?  यस्ता परीक्षामा पास हुनु त परै कल्पना गर्न पनि गारो पर्यो । मान्छेहरूले डाक्टर बन्न बुद्धि चाहिन्छ भन्थे तर डाक्टर बन्न चाहिने हौसला र हिम्मतको त कसैले कुरा नै गरेन । नामको अगाडि ‘डा.’ लागेपछि सम्मानको साथसाथै ठुलो र भारी जिम्मेवारी पनि आफ्नो काँधमा आइलागदो रहेछ । यसरी डाक्टर एउटा पेशा मात्र नभएर जिम्मेवारी रहेछ भन्ने शिक्षा प्राप्त भो । यस्ता अवस्थामा दिन प्रतिदिन अल्झिरहने संसारका  सबै डाक्टरहरूप्रति  मनमा ठुलो सम्मान जन्मिएको पाएँ । म चिउँडोमा हात राखी सोच्दै छु यी कुराहरू !
तर डाक्टर हुनु त्यति नराम्रो पनि होइन ।
पुस्तक सकिएपछि डाक्टर बन्ने निर्णय मलाई अङ्ग्रेजीमा रहेको चर्चित उखान ‘हाई रिस्क हाई रिटन’ याद  आयो । नराम्रो खबरको वाहक बन्ने डाक्टरको एक निर्विवाद धर्म भए तापनि एक जीवनलाई बचाउँदा परिवारको मुहारमा देखिने त्यो खुशीबाट पाइने आनन्दले डाक्टर बनूँ बनूँ झैं पनि लाग्दो रहेछ ।  आफ्ना बच्चा बच्दैन भनी सबै आशा हराइसकेको

त्यस आमाको मुहारमा डाक्टरले' अब तपाईको सन्तान स्वस्थ रहनेछ' भन्दा आएको आनन्दको अनुभव गर्न भित्रि मनबाटै तीव्र चाहना जागेर आउँदोरहेछ ।

आफूले बचाउन सफल भएको हरेक जीवनले आफूलाई धन्यवाद दिँदा र वर्षौपश्चात् पनि आफ्नै परिवारको सदस्यझैँ सम्झी राख्दा एक डाक्टरलाई कति गर्व र सन्तुष्टि महसुस हुँदो होला ।

आफूले भनेको शब्दले एउटा सिङ्गो परिवारको जीवन भलो भएको देख्दा पनि अत्यन्त खुशी लाग्छ होला । मनको कुनै कुनामा यस्ता विभिन्न आनन्दभोग गर्न पाउने डाक्टरहरूप्रति ईर्ष्या भाव उत्पन्न भयो । 'यदि यस्ता अलौकिक अनुभूतिहरूको अनुभव गर्न पाएमा त म पनि डाक्टर नै बन्नु पर्दो रहेछ कि क्या हो' जस्तो आभास पनि पुस्तक पढ्ने क्रममा ठाउँ ठाउँमा भयो ।

आख्यानको अन्तिम शब्द पश्चात् यस संसारका दुई सबैभन्दा कठिन पेशा आमा र डाक्टरको रहेछन् भन्ने बोध गरेँ ।

आख्यानमा हरेक बुबाआमा, देशका युवायुवती, किशोरकिशोरी, शिक्षकशिक्षिका र विद्यार्थीका लागि धेरै जीवन उपयोगी सन्देशहरू र शिक्षाहरू छन् ।

यसकारण म यो आख्यान हरेक नेपालीले पढ्नै पर्ने कृतिहरूको सूचीमा राख्छु।

डा. केसीले घटनाक्रमलाई एक डाक्टरको दृष्टिकोणबाट मात्र नभई सामान्य मानिसको दृष्टिकोणबाट पनि व्याख्या गरेका छन् ।

उनले चिकित्साका कस्ता जटिल ज्ञानका कुराहरू कहिले रोमानियाका राजा त कहिले पाकिस्तानमा भएको अध्ययनको उदाहरण लिई हामी जस्ता चिकित्सा क्षेत्रका बारेमा न्यूनतम ज्ञान भएका सामान्य व्यक्तिले पनि बुझ्ने गरी सरल भाषाशैलीमा लेखेका छन् ।

डाक्टरको रूपमा उहाँको जीवन दर्शनले मलाई वास्तवमै मूलबाट उत्प्रेरित गरेको छ । उनले वर्णन गरेका मानव जीवनको मूल्य निकै हृदय छुने छ ।

आख्यानले प्रदान गर्ने दार्शनिक र नैतिक पाठको साथसाथै यस किताबको सरलता पनि उत्कृष्ट छ।

एक १० वर्षको बलखालाई पढी सुनाए पनि सजिलै बुझ्ने ढङ्गमा डा. केसीले यो आख्यान तयार परेका छन् ।

आख्यान बारेमा साच्चैँ नै आदिदेखि अन्त्यसम्म गुनासोको लागि केही ठाउँ भेटिनँ ।

डा. केसीले अन्त्यमा आफ्ना परिवार र साथीभाईलाई व्यक्त गरेको आभार झन् भावनात्मक र सुन्दर लग्यो ।

अन्त्यममा यस्ता अमूल्य कृतिहरू पढ्न सुझाव र प्रोत्साहन गर्ने विद्यालयप्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

•••